# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, वैशाख १६ गते २०५६ साल (अतिरिक्ताङ्क ४ (क)

## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५६ सालको ऐन नं. ४

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## दण्ड सजाय सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना** : दण्ड सजाय सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम " दण्ड सजाय सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५५" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **सैनिक ऐन, २०१६ मा संशोधन** : सैनिक ऐन २०१६ को,-

(१) दफा ५६ को खण्ड (ख) मा रहेका "कैद हुने" भन्ने शब्दहरुको सट्टा "कैदमात्र हुने" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ११२ को उपदफा (४) झिकिएकोछ ।

(३) दफा १५२ खारेज गरिएकोछ ।

(४) दफा १५४ को उपदफा (१) मा रहेका "वा ज्यान सजायको बदलामा जन्म कैदको सजाय पाएको" भन्ने शब्दहरु झिकिएका छन् ।

(५) ठाउँ ठाउँमा प्रयोग भएका देहायका शब्दहरुको सट्टा देहायका शब्दहरु राखि रुपान्तर गरिएकोछ :-

(क) "ज्यान सजाय" वा "ज्यानको सजाय" भन्ने शब्दहरुको सट्टा "सर्वश्व सहित जन्म कैदको सजाय" ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "अन्चलाधीश" भन्ने शब्दहरुको सट्टा "प्रमुख जिल्ला अधिकारी" ।

३. कारागार ऐन, २०१९ मा संशोधन : कारागार ऐन, २०१९ को दफा २४ को उपदफा (१) को,-

(क) खण्ड (क) को उपखण्ड (१) झिकिएकोछ ।

(ख) खण्ड (ख) को उपखण्ड (१) झिकिएकोछ ।

(ग) खण्ड (घ) को उपखण्ड (१) मा रहेका "ज्यानको वा" भन्ने शब्दहरु झिकिएका छन् ।

४ मुलकी ऐनमा संशोधन : (१) मुलुकी ऐन अदालती बन्दोबस्तको,-

(क) ९४ नम्बरमा रहेका "मृत्युदण्ड वा" भन्ने शब्दहरु झिकिएका छन् ।

(ख) ११८ नम्बरको दफा २ को देहायमा रहेका "मृत्युदण्ड वा" भन्ने शब्दहरु र दफा ४ मा रहेका "मृत्युदण्ड वा" भन्ने शब्दहरु झिकिएका छन् ।

(ग) १२३ नम्बरमा रहेको "मृत्युदण्ड" भन्ने शब्द झिकिएकोछ ।

(घ) १६९ नम्बरको ठाउँ ठाउँमा रहेको "मृत्युदण्ड," भन्ने शब्द झिकिएकोछ ।

(ङ) १८६ नम्बरमा रहेका "राजगद्दी उत्तराधिकारी सम्बन्धी ऐन, २०१५ को दफा १६" भन्ने शब्दहरुको सट्टा "राजगद्दी उत्तराधिकार सम्बन्धी ऐन, २०४४ को दफा १३" भन्ने शब्दहरु राखिएका छन् र सोही नम्बरमा रहेको "मृत्युदण्ड" भन्ने शब्द झिकिएकोछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



56

(च) १८८ नम्बरमा रहेको "मृत्युदण्ड," भन्ने शब्द झिकिएकोछ ।

(२) मुलुकी ऐन, दण्डसजायको महलको,-

(क) ६ नम्बरमा रहेका "मृत्युदण्डको चौबीस वर्ष," भन्ने शब्दहरु झिकिएका छन् ।

(ख) ८ नम्बरको पहिलो हरफमा रहेका "मृत्युदण्ड वा" भन्ने शब्दहरु र दोस्रो हरफमा रहेको "मृत्यदण्ड," भन्ने शब्द झिकिएका छन् ।

(ग) ५५, ५६, ५७, ५८ र ५९ नम्बरहरु खारेज गरिएका छन् ।

५ राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६ मा संशोधन : राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६ को दफा २ मा रहेको "मृत्युदण्ड" भन्ने शब्दको सट्टा "सर्वस्व सहित जन्म कैद," भन्ने शब्दहरु राखिएका छन् ।

६ न्याय प्रशासन ऐन, २०४८ मा संशोधन : न्याय प्रशासन ऐन, २०४८ को दफा १० को उपदफा (२) मा रहेको "मृत्युदण्ड," भन्ने शब्द झिकिएकोछ ।

लालमोहर सदर मिति-: २०५६।१।१६।५

आज्ञाले,<br>
तीर्थमान शाक्य<br>
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।